वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ९ ● ने.सं. ११४० पोहेलागा तृतिया ● वि.सं. २०७६ पुस २८ गते, सोमबार ● 2020 January 13 Monday ● पृष्ठ ८

## महिला समूहहरूलाई स्वास्थ्य तालिम सञ्चालन

# घरघरमा नि:शुल्क औषधी वितरण




कीर्तिपुर नगरपालिकाका वडाहरुका महिला समूहहरूलाइ दिइरहेको ३ दिने स्वास्थ्य तालिमको दोश्रो समूहको तालिम सम्पन्न भएको छ । कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा भएको उक्त तालिमको समापन समारोह पुस २३ गते भएको थियो। कीर्तिपुर नगरपालिकाको मौलिक कार्यक्रम "घर घरमा स्थानीय सरकार" अन्तर्गत स्वास्थ्य तालिम प्राप्त स्वयंसेवकहरु प्रत्येक घरघरमा पुगी नगरबासीहरूको चिनी रोग (सुगर) र रक्तचाप (ब्लडप्रेसर) जाँच गरिनुका साथै आवश्यक औषधीहरू पनि निःशुल्क वितरण गरिन्छ। स्वास्थ्य स्वयंसेवकहरूले रोग लाग्नु भन्दा रोग नै लाग्न नदिने खालका जनचेतामूलक जानकारीहरु पनि गराइनेछन्।

वडाकै सिफारिसमा वडामा सूचिकृत महिला समूहका १/१ जना प्रतिनिधिहरू उक्त तालिममा सहभागी भएका थिए। प्रत्येक तालिममा ३५ जनाको समूहलाई रक्तचाप नाप्ने र चिनी (सुगर) जाँच्ने र ती रोगहरू लाग्न नै नदिन गरिनुपर्ने कुराहरूको बारेमा तालिम दिइएको थियो । पहिलो तालिममा कीर्तिपुर नगरपालिकाको वडा नं. ३ र वडा नं. ६ का महिला समूहहरू सहभागी भएका थिए भने यस तालिममा कीर्तिपुर नगरपालिकाको वडा नं. ४, ५, ७ र ८ का महिला समूहका प्रतिनिधिहरू सहभागी भएका थिए। बाँकी वडाहरू वडा नं. १, २, ९ र १० का महिला समूहका प्रतिनिधिहरूका लागि पनि छिट्टै तालिम सञ्चालन हुने जानकारी दिएको छ। कीर्तिपुर नगर पालिकामा प्रेसर र सुगर रोगको निःशुल्क औषधी वितरण गर्ने देशकै पहिलो नगरपालिका भएको स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले जानकारी दिनुभयो।

दोश्रो समूहको तालिमको समापन समारोहमा प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, विशेष अतिथि उपमेयर सरस्वती खड्का तथा अतिथिको रुपमा वरिष्ठ लेखा अधिकृत सानुबाबु परियार उपस्थित हुनुभएको थियो। प्रमुख अतिथि मेयर महर्जनले नगरपालिकाको दायित्व खालि भौतिक संरचना मात्र निर्माण गर्ने नभई प्रत्येक नागरिकको समस्या बुझ्ने र सहयोग गर्ने पनि हो भनी बताउनु भयो। घरघरमा सिंहदरवार भनेर चुनावताका गरेको बाचा अनुरुप अहिले कार्यान्वयन गरिरहेको उल्लेख गर्नुभयो। सिंहदरवार भनेको सेवाको रुपमा भनेको प्रष्ट पार्दै प्रत्येक घरमा स्वास्थ्य स्वयंसेवकहरूलाई पठाउने गरिरहेको जानकारी दिनुभयो । नगरबासीहरूले पनि कुनै पनि समस्या परे पहिला आफ्नो वडा र त्यसपछि नगरपालिकालाई सम्झनुपर्ने बताउनु भयो । प्रमुख अतिथि मेयर महर्जनले नगरवासीहरू आर्थिक रुपमा पनि सबल हुनुपर्ने बताउँनुहुँदै यो भन्दा पहिला महिलाहरुलाई सिलाईको तालिम दिइ सिलाई मेशिन

*बाँकि पृष्ठ ३*

**नगर सन्देश** कीर्तिपुर नगरपालिकाको बुलेटिन **२** ने.सं. ११४० पोहेलागा ३ वि.सं. २०७६ पुस २८ सोमवाः

## सम्पादकीय

# सम्पदा संरक्षणमा कीर्तिपुर नगरपालिका

नेपाल सरकारले नेपाल भ्रमण वर्ष २०२० घोषणा गरेसँगै विभिन्न सरकारी गैर सरकारी संस्थाहरूले नेपालमा पर्यटकहरूको आगमन र आकर्षित गर्ने विभिन्न कार्यक्रमहरू गरिरहेका छन् । सन् २०२० जनवरी १ मा भएको भव्य शुभारम्भ कार्यक्रम पश्चात त झन यस्ता कार्यक्रमको आयोजनमा तिव्रता आएको छ । देशमा मात्र नभई विदेशमा समेत नेपाल चिनाउने र नेपालमा भ्रमण गर्नुपर्ने कुराहरूको प्रचारप्रसार भइरहेका छन् । मूलतः पर्यटकहरूलाई नेपाल आउन प्रेरित गर्ने भनेको यहाँका प्राकृतिक सौन्दर्य, साँस्कृतिक विविधता, ऐतिहासिक स्थलहरू लगायतका यहाँका सम्पदाहरू नै हुन् । यी सम्पदाहरूलाई उचित मात्रामा सुरक्षित र संरक्षण गरी प्रचार प्रसार गर्न सकेको खण्डमा यहाँ पर्यटन उद्योग फस्टाउने छ ।

यसका लागि कीर्तिपुर नगरपालिकाका साथै काभ्रे र काठमाडौं उपत्यकाका महानगरपालिका र नगरपालिकाहरूका मेयरहरूको फोरम मेयर्स फोरम नै बनाई स्थानीय सम्पदाहरूलाई संरक्षण गर्ने बारेमा संयुक्त बैठक नै बसी साझा धारणा बनएको छ । कीर्तिपुर नगरपालिकाकै आयोजनामा गत पुष २० गते उक्त फोरमको तेश्रो बैकठ कीर्तिपुरमा नै बसी उक्त साझा धारणा बनाएको हो । सम्पदा संरक्षण गर्ने जिम्मेवारी वा दायित्व स्थानीय सरकार (नगरपालिका) कै हो भनी कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले विभिन्न कार्यक्रमहरूमा भन्दै आइरहनुभएको छ र कीर्तिपुर नगरपालिकामा यस्ता सम्पदाहरूको संरक्षण गर्ने कार्य गरिरहनु भएको पनि छ । चोभारको सरस्वती पोखरी, भरयांपुखू (पोखरी), थलपुखू (हिलटाउन स्कूल नजिकको पोखरी), देवढोकाको ईन्द्रायणी पोखरीलाई संरक्षण गर्ने कार्य सम्पन्न भैसकेको छ भने खाःसिबजारको तीनवटा पोखरी र विष्णुदेवी अस्पतालनिरको पलपुखू (पोखरी) निर्माणाधिन अवस्थामा रहेको छ । त्यसैगरी चोभारको पाटी, कुतिसाःटोलको पाटी, पांगाको द्यःचपाः पाटी, दीख्यःको पाटी, थांबाहाःको पाटी र देवढोकाकै लाखे फल्चा (पाटी) सम्पन्न भैसकेको छ भने पांगामै ऐतिहासिक कृष्ण पाटी, इर्छेको पाटी र बाघभैरवको ढोका (कीर्तिपुर रिङ्गरोडमा) पाटी आदि निर्माणको क्रममा रहेको छ । त्यसैगरी चोभारको गुठी घरको निर्माण अन्तिम चरणमा पुगको छ भने सम्पदा बस्ति भित्र प्रायः बाटोमा ढुङ्गा ओछ्याउने कार्यपनि भैरहेको छ ।

कीर्तिपुर नगरपालिकाले जस्तै हरेक स्थानीय सरकारले आफ्नो बस्तीभित्ररहेका पाटी, पौवा, पोखरी आदि जस्ता सम्पदाहरूको संरक्षण गरी उचित मात्रामा प्रसार प्रसार गरेमा पर्यटकहरूको आवागमनमा बृद्धि हुनका साथै पर्यटन उद्योग नै फस्टाउने छ भने रोजगारीको पनि श्रृजना भई आर्थिक रुपमा समेत सम्पन्न हुनेछ । यस कुराप्रति सम्बन्धित सबैको ध्यान जान जरुरी देखिन्छ ।

# समृद्धिको यात्रामा कीर्तिपुरका चुनौति र सम्भावनाहरू : २

**रत्न महर्जन**

विकास र समृद्धिको यात्रामा कीर्तिपुर पछाडि पर्नाका केही तीता यथार्थहरू :

१. राज्य सञ्चालकहरूको बक्र दृष्टिमा पर्नु,
२. त्रिभुवन विश्वविद्यालयको स्थापना यस भेगमा हुनु,
३. कीर्तिपुरबाट राष्ट्रिय व्यक्तित्व निर्माण हुन नसक्नु,
४. साझा सवालमा समेत मूलधारका राजनीतिक दलहरूबीच र सामाजिक अभियन्ताहरू बीच सहकार्य र समान दृष्टि कायम रहन नसक्नु,
५. प्राकृतिक श्रोत र सम्पदाको समुचित र सन्तुलित वितरण, संरक्षण एवम् सदुपयोग हुन नसक्नु,
६. धार्मिक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरूको यथोचित प्रचार प्रसार र तिनलाई नगर र जनताको आय आर्जनसँग जोड्न नसक्नु,
७. उद्यमशीलताको विकासमा पछाडि पर्नु,
८. मानव शंसाधनको विकासमा ध्यान नपुग्नु र उपलब्ध मानव शंसाधनको समुचित उपयोग हुन नसक्नु,
९. केन्द्रीय प्रशासन संयन्त्र (Beaurocracy) मा नेतृत्वदायी भूमिकामा नगन्य मात्र पुग्नु,
१०.कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रमा जीवननिर्वाहमुखी प्रवृत्ति कायम रहनु,
११.कृषिमा आधुनिकीकरण र व्यावसायीकरण/औद्योगिकीकरण हुन नसक्नु,
१२.राष्ट्रिय राजमार्गले नछुनु तथा राष्ट्रिय राजमार्गसँग पहुँच (Link Road) मार्ग विस्तार हुन नसक्नु,
१३.कीर्तिपुरे नेताहरूमा दीर्घकालीन सोच र एकअर्काबीचमा समन्वयको संस्कृतिको अभाव हुनु,
१४. आफूलाई टाठाबाठा र जान्ने बुझ्ने भन्नेहरूको पलायन,
१५. आदिवासी (मूलबासी) र राष्ट्रिय आप्रवासी बीच अव्यक्त प्रतिस्पर्धा र अविश्वास तथा समन्वयको अभाव हुनु,
१६.कीर्तिपुरे नेताहरूमा उपलब्ध मानवीय श्रोतको पहिचान गर्ने क्षमताको अभाव हुनु र त्यस्ता क्षमतावान व्यक्तिहरू सामूहिक र समग्र कीर्तिपुरको विकास गर्न भन्दा व्यक्तिगत स्वार्थ पूरा गर्न र क्षेत्रीय (अझ टोलको मात्र समेत) विकासमा केन्द्रित वा सिमित हुने प्रवृत्ति रहनु,

अब माथिका बुँदाहरूलाई अझ प्रष्ट्याउने र तिनलाई पुष्टि गर्न तलका प्रकरणमा प्रयत्न गरिएको छ :-

१. राज्य सञ्चालकहरूको बक्र दृष्टिमा पर्नु :

पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तारको अभिलाषाबाट प्रारम्भ भएको नेपाल एकीकरणको क्रममा तत्कालीन गोर्खा राज्य र गोर्खाली सेना कीर्तिपुरसँगको युद्धमा दुई पटक पराजित भयो र अन्तिम पटक पनि सामरिक बलमा भन्दा षडयन्त्रपूर्वक कीर्तिपुर जितेको इतिहास छ । इतिहासमा कीर्तिपुर युद्धको उपमा पाएको यस युद्धको क्रममा गोर्खालीको निकै ठूलो नोक्सानी भयो । जसमा उसले आफ्नो कमाण्डर कालु पाण्डे गुमाउनु पऱ्यो भने शुरप्रताप शाहको आँखा फुट्यो र स्वयम् पृथ्वीनारायण शाहसमेत घाइते भएर पनि धार्मिक मान्यताको कारणले मात्र बचे । यस जित लगत्तै गोर्खाली शासकहरूको बक्र दृष्टि पर्न थालेको कीर्तिपुर आज लोकतान्त्रिक गणतन्त्रको युगसम्म पनि राज्यको कोपभाजनको सिकार हुनु परेको छ । यसैको प्रतिफल कीर्तिपुरमा राष्ट्रिय स्तरमा उल्लेखनीय कुनै पनि विकास निर्माण र योजना परेको छैन । जसको कारण कीर्तिपुर आज पनि अपेक्षित विकासको बाटोमा अग्रसर हुन सकेको छैन । समृद्धिको यात्रामा अवरोधका रुपमा रहेको यस चुनौति र समस्या समाधानका लागि राजकीय मामलामा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्ने भूमिकामा कीर्तिपुरबासीले आफूलाई विकास गर्नु आजको आवश्यकता हो । यस्तो भूमिका राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुबै क्षेत्रमा जरुरी छ । यसको लागि योजनाबद्ध र संगठित प्रयास गर्न कीर्तिपुरका सम्पूर्ण राजनीतिकर्मी र प्रशासन क्षेत्रमा संलग्न व्यक्तित्वलाई अनुरोध गर्दछु ।

*क्रमश ...*

## मेरो धारणा

**कीर्तिपुर आज पनि अपेक्षित विकासको बाटोमा अग्रसर हुन सकेको छैन । समृद्धिको यात्रामा अवरोधका रुपमा रहेको यस चुनौति र समस्या समाधानका लागि राजकीय मामलामा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्ने भूमिकामा कीर्तिपुरबासीले आफूलाई विकास गर्नु आजको आवश्यकता हो ।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं ।*

# महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजालको कार्यक्रममा उपमेयर सहभागी

महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय संजालको महिलावादी सहभागितामूलक कार्यात्मक अनुसन्धान विषयक दोश्रो चरणको २ दिने तालिम सम्पन्न भएको छ।

यही पुस २५ र २६ गते दुई दिन ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकाको रुम्जाटारमा भएको उक्त कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का सहभागी हुनुभएको थियो। सिद्धिचरण नगरपालिकाका मेयर मोहन कुमार श्रेष्ठले उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा २५ वटा नगरपालिका र गाउँविकास समितिको सहभागिता रहेको थियो।

कार्यक्रममा महिलाबादी सहभागितामूलक कार्यात्मक अनुसन्धान (Feminist participatory action research-FPAR) भएकोले सोको बारेमा पनि प्रष्ट पारिएको थियो। कीर्तिपुर नगरपालिकाका उपमेयर खड्काले कीर्तिपुर नगर पालिकाका ५ जना महिला जनप्रतिनिधिहरुको मुद्दा अध्ययन बारे बोल्नुहुँदै आगामी दिनको कार्ययोजनाका सम्बन्धमा समेत छलफल गर्नुभएको थियो।

**कीर्तिपुर नगरपालिकाका ५ जना महिला जनप्रतिनिधिहरुको मुद्दा अध्ययन**






# वडाका महिला समूहहरुलाई स्वास्थ्य तालिम सञ्चालन...

समेत निःशुल्क वितरण गरेको स्मरण गर्नुभयो।

कार्यक्रममा विशेष अतिथि उपमेयर खड्काले शिपमुलक तालिमहरू सञ्चालन गरिरहेको बताउनुहुँदै तालिमबाट प्रप्त सीप कार्यान्वयन गरी उत्पादनसँग जोड्नु पर्ने बताउनुभयो। हाम्रो जीवनशैलीमा परिवर्तन भइरहेको प्रति इंगित गर्दै विषादीयुक्त खानेकुरा (तरकारीहरू) खानुभन्दा आफ्नै बारीमा तरकारीहरू फलाएर ताजा अर्गानिक तरकारीहरू खानुपर्नेमा जोड दिनुभयो।

प्रमुख प्रशिक्षक तथा समापन समारोहका सभापति विष्णुदेवी अस्पतालका नि.मेडिकल सुपरिटेण्डेण्ट डा. पूर्णिमा शाक्यले रोग लागेर ठूलो धनराशी खर्च गर्नुभन्दा रोग लाग्न नदिनेखालका कुराहरू गर्नेमा ध्यानदिनुपर्ने बताउनुभयो। विष्णुदेवी अस्पतालमा प्रत्येक आइतवार र बुधवार सुगरको निःशुल्क जाँच हुने कुराको जानकारी गराउँनुहुँदै यस कुरालाई आफ्नो समूहमा पनि जानकारी गराइदिन अनुरोध गर्नुभयो।

कार्यक्रममा सहभागी महिला समूहका प्रतिनिधिहरूले यस्तो खालको तालिम धेरै नै उपलब्धीमूलक भएको जानकारी गराउँदै आफूहरु सक्षम भएको महसुस गरेको समेत बताउनु भयो र थप तालिमहरूको पनि माग गर्नुभयो। कार्यक्रम स्वास्थ्य शाखाका प्रमुख सन्तमान मानन्धरले सञ्चालन गर्नुभएको थियो।

# सुरक्षा सुदृढीकरण सम्बन्धी अन्तरक्रिया ज्याभ्वः जुल

## किपू न.पा.पाखें निगः मोटरसाइकल बीगु घोषणा

किपुलिइ समुदाय प्रहरी साझेदारी ज्याभ्वः अन्तर्गत सुरक्षा सुदृढीकरण सम्बन्धी अन्तरक्रिया व जनचेतनामूलक ज्याभ्वः याःगू दु। किपू नगरपालिकाया ग्वसालय् व महानगरीय प्रहरी वृत्त किपू, सामुदायिक प्रहरी सेवा केन्द्र किपू व सामुदायिक प्रहरी सेवा केन्द्र त्यालँया सहकार्यय् बुधवाः कृष्ण क्याटरिङ्गय् थुगु ज्याभ्वः जूगु खः।



ज्याभ्वःयात मू पाहाँ महानगरीय प्रहरी ज्याकू रानीपुखूया प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआईजि) विश्वराज पोखरेल व किपू नगरपालिकाया मेयर रमेश महर्जनं मंकाःकथं त्वाः देवाय् मत च्याकाः उलेज्या यानादीगु खः।

ज्याभ्वःया सभापति किपू नगरपालिकाया मेयर महर्जनं समुदाय प्रहरीलिसेया साझेदारी याये धुंकाः प्रहरीया परिचालन व मेमेगु निकायया परिचालन व्यवस्थितरुपं न्ह्यांवनांच्वंगु धयादिसें थुकिं ताःलाःगु महशुस जुयाच्वंगु नं न्ह्यथनादिल। ट्राफिक पुलिस धइपिं नियम पालना याकीपिं जक जूगु न्ह्यथसें मनूतयूसं ट्राफिक पुलिस खनेमदयेवं ट्राफिक नियम उलंघन याइगु बानी थें हे जुइधुंकूगु धयादिल। ट्राफिक नियम त धइगु भीगु थःगुया लागिं हे जूगु ध्वाथुइकादिसें किपुलिई ट्राफिकयात अझ व्यवस्थित यानायंकेगु नितिं विशेष योजना हयेत ट्राफिक ज्याकूयात इनाप यानादिल। मेयर महर्जनं सुरक्षाया प्रत्याभूत मजुइकं विकास निर्माणया ज्या ताःमलाइगु जूगुलिं दक्कले न्हापां जनतातयूत सुरक्षाया प्रत्याभूत यायेत इनाप यानादिल। थुकिया लागि किपू नगरपालिकापाखें नेपाल प्रहरी वृत्त किपूयात निगः मोटरसाइकल बीगु नं घोषणा यानादिल।

ज्याभ्वलय् मू पाहाँ महानगरीय प्रहरी ज्याकू रानीपुखूया प्रमुख प्रहरी नायव महानिरीक्षक डिआइजी पोखरेलं थजाःगु अन्तरक्रिया ज्याभ्वःपाखें वइगु सुझावतपाखें थनया बस्तुस्थिति त सीकेफइगु व उकीया हे लिधंसाय् सुरक्षाया ज्याभ्वःत दयेकेफइगु धयादिल। थःपिं लागू वासः नियन्त्रण यायेगु, ट्राफिक समस्यात




ज्यंकेगु, घरेलु हिंसाया घटनातलिसें न्ह्याग्गु नं अपराधत पनेगुलिई प्रतिबद्ध दुगु धयादिल। अपराध पनेगु खँय् स्थानीय सरकारं थःथाय् दुगु सुरक्षा नियकायात थःगु हे भाःपिया थुकीयात बांलाका यंकेमाः व थुकीया जनशक्तियात बांलाक छ्यलेमा धइकथंया बिचाः हःगुलिं थुकिं सुरक्षाया गतिइ द्रुत विकास जुइगुलिं न्ह्याग्गु नं अपराधलिसे सामना यासें थुकियात नियन्त्रण याये फइगु न्ह्यथनादिल।

ज्याभ्वलय् विशेष पाहाँ महानगरीय ट्राफिक प्रहरी महाशाया प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक भीम ढकालं सुरक्षा सुदृढीकरण सम्बन्धी अन्तरक्रिया व जनचेतनामूलक ज्याभ्वः छगू नमूना ज्याभ्वःजूगु न्ह्यथनादिल। स्वनिगलय ६ लाख सवारी साधनया लागि माःगु जनशक्तिजक थःथाये दुगुलिं आः १२ लाख सवारी साधन दयेधुंकूगु धयादिसें थ्व ल्याखँ थौंकन्हय् छम्ह ट्राफिक प्रहरीया जिम्माय् गुसःगः सवारी साधन व छगूत्या किलोमिटरया जिम्मेवारी दुगु न्ह्यथनादिल। हाथ्यादुगु थुजाःगु ज्याया लागि आम नागरिकलिसें ल्हाःमिलेयाना ट्राफिक व्यवस्थापन यायेमाःगु धयादिल। कानुनत ३ प्रतिशत जक जिम्मेवारी दुगु ट्राफिक प्रहरीयात जनतातयूसं फुक्क हे जिम्मेवारी दुगु तायेकाच्वंगु न्हयथनादिसें थ्व ट्राफिक प्रहरीयात विश्वासयाःगु बिचाः प्वंकादिल। न्हिं १७/१८ घण्टा ज्या याइपिं ट्राफिक प्रहरीं फयांफत्तले बं कायेम्वायेकेगु ज्या यानाच्वंगु धयादिसें ट्राफिक उज्यालो अभियानया ज्याभ्वःया नं ग्वसाःग्वयाच्वंगु धयादिल।

किपू नगरपालिका वडा नं. ४ या अध्यक्ष राजेन्द्र बानियाँलिसें दक्षिणकाली नगरपालिकाया उपमेयर वसन्ती तामाङ्ग डंगोलं नं नुगःखँ तयादीगु ज्याभ्वलय् महानगरीय प्रहरी वृत्त किपूया डिएसपी छेदिलाल कामतीं आःतकया प्रगति प्रतिवेदन न्ह्यब्वयादीगु खःसा सामुदायिक सेवा केन्द्र किपूया नायः रविन्द्रबहादुर प्रधानं लसकुस यानादीगु खः।

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
५
ने.सं. ११४० पोहेलागा ३
वि.सं. २०७६ पुस २८ सोमवाः

## थीथी सहकारीया ज्याभ्वलय मेयर महर्जनया ब्वति




काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघं सञ्चालनय् दुगु सहकारीतयूगु जोखिम म्हो यायेगु सम्बन्धी छन्हुया कार्यशाला गोष्ठीया ग्वसाःग्वःगु दु। पुस २४ गते बिहिवाः, कृष्ण क्याटरिङ्ग, अमल्सिइ जूगु गोष्ठीया मूपाहाँ किपू नगरपालिकाया मेयर रमेश महर्जनं उलेज्या यानादीगु खः।

छकःलय् १५ निसें २० गू सहकारीयात जक दुथ्याकीगुलिइ उगु गोष्ठीइ किपूया १७ गू सहकारी संस्थां ब्वति काःगु खः। न्ह्यानाच्वंगु सहकारीत गुलि तक जोखिमय् दु धइगु सीकेगु थीथी ४६ गू टुल्सतयूगु बारे सहलह जूगु धाःगु दु। गोष्ठीइ किपू नगरपालिका सहकारी शाखाया कजि सुजिन्द्र महर्जन, काठमाडौं बचत तथा ऋण सहकारी संघया नायः दिपक पनेरु, छ्याञ्जे शालिकराम पुडासैनिया नं ब्वति दुगु खः। जोखिम न्यूनीकरणया कजि विनिता र लक्ष्मी काफ्लें न्ह्याकादीगु गोष्ठीइ जोखिम न्यूनिकरणया ल्यूकजि राजकुमार महर्जनया नं ब्वति दुगु खः।

अथेहे किपूया दक्कले पुलांगु सहकारी संस्था किपू वचत तथा ऋण सहकारी संस्थाया २१ क्वःगु दँमुँज्या क्वचाःगु दु। ख्वपया सूर्यविनायकय् च्वंगु शुभकामना पार्टी पालेसय् वंगु पुष १९ गते शनिवाः जूगु दँमुँज्याया मूपाहाँ मेयर महर्जनं त्वाः देवाय् मत च्याकाः उलेज्या यानादीगु खः। किपू नगरपालिका वडा नं. ४ चम्पादेवीइ च्वंगु ज्वालादेवी वचत तथा ऋण सहकारी संस्थाया नं ११ क्वःगु दँमुँज्याया मेयर महर्जनं त्वाःदेवाय् मत च्याकाः उलेज्या यानादीगु खः। ज्याभ्वलय् उपमेयर सरस्वती खड्का, किपू नगरपालिकाया वरिष्ठ लेखाअधिकृत सानुबाबु परियार व किपू नगरपालिका वडा नं. ४ या अध्यक्ष राजेन्द्र बांनियानं ब्वति दुगु खः।

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## रोजगार संयोजक करारमा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०९।२४

यस कीर्तिपुर नगरपालिका, नगरकार्यपालिका कार्यालयको लागि रोजगार संयोजक पद (छैठौं तह) मा **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** अनुसार पदपूर्ति गर्नुपर्ने भइकोले इच्छुक तपशिलबमोजिम योग्यता पुगेका व्यक्तिलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरि एको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

क) योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातह तह वा सो सरह उत्तीर्ण गरेको।

ख) उमेर : २०७६ माघ ९ गतेसम्म २१ वर्ष पूरा भै ४५ वर्ष ननाघेको

ग) छनौटका आधार : सूचिकरण, लिखित (सेवा सम्बन्धी) , कम्प्युटर सम्बन्धी परीक्षा र अन्तरवार्ता

घ) पाठ्यक्रम : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ९ बमोजिम

ङ) सेवा शर्त सुविधा : छैठौं तहले पाउने सुरु तलब स्केल बराबरको तलब, स्थानीय भत्ता, पोशाक भत्ता, र चाडपर्व खर्च (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोके बमोजिम)

च) दरखास्त दस्तुर : रु. १०००।- (एक हजार)

छ) दरखास्त फाराम बुझाउने अन्तिम म्याद : मिति २०७६।१०।०९ गते बिहिवार कार्यलय समयसम्म हुनेछ।

ज) दरखास्त दिने अन्तिम दिनसम्ममा दर्ता हुन आएका आवेदहरुको सूचिकरण भै सूचिकरणमा पर्न सफल उम्मेवारहरुको लिखित (सेवा सम्बन्धी), कम्प्यूटर सम्बन्धी परीक्षाको मिति तोकिनेछ।

झ) संलग्न हुनुपर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रतिलिपी

ञ) दरखास्त फाराम रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डप, २०७६ को अनुसूची १ बमोजिम हुनेछ र फाराम कार्यालयको website, http://kirtipurmun.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

ट) यस सम्बन्धी अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ मा तोकिए बमोजिम हुनेछ।

ठ) अन्य थप विस्तृत जानकारिका लागि कीर्तिपुर नगरपालिकाको सम्पर्क नं. ०१४३३१६९३, ०१४३३१८०५ वा ईमेल ict.munkirtipur@gmail.com मा सम्पर्क गर्न सकिनेछ।

**कीर्तिपुर नगरपालिका**
**देवढोका, कीर्तिपुर**



**सम्पदाको संरक्षण :** कीर्तिपुर नगरपालिका वडा नं. २ स्थित ऐतिहासिक क्वाःच्व देगः (उमामहेश्वर मन्दिर) परिसरमा चिकं अप्पा (तेल ईंट्टा) बिच्छ्याउने कार्य सम्पन्न। पर्य सम्पदाको संरक्षण गर्ने कीर्तिपुर नगरपालिकाको लक्ष्य अनुरुप सम्पदाको संरक्षण गर्ने कार्य भैरहेको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर "*

# सम्पूर्ण नगरबासीहरूमा अनुरोध

## नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं ।

## भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं ।

- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण–पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति के ही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिंदा घरको नक्सा पास भए नभएको र घर कर तिरेको वा नतिरेको हेरौं।

## कीर्तिपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

देवढोका, कीर्तिपुर, फोन : ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१

वेबसाइट : www.kirtipurmun.gov.np

# पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिबाट भए गरेका कामहरू

कीर्तिपुर नगरपालिकामा पुनःनिर्माण सम्बन्धमा पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिले विभिन्न आयोजनाहरू सञ्चालन गरेका छन्।

● मिति २०७६ मंसिर १ गते अन्तर्राष्ट्रिय विपद् विज्ञ गंगालाल तुलाधरको प्रमुख अतिथ्यमा विपद् व्यवस्थापनका सम्बन्धमा अभिमुखीकरण र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। उक्त कार्यक्रममा विपद् व्यवस्थापन कार्य योजना DDRP को अन्तर्राष्ट्रिय विपद् विज्ञ तुलाधरले विमोचन गर्नुभई कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले ग्रहण गरी सार्वजनिक गर्नुभएको थियो।

● मिति २०७६ पुस ५ गते कीर्तिपुर नगरपालिकाको प्राविधिक सहयोगमा कीर्तिपुर महिला सञ्जालको आयोजनामा Non Structure सामाग्री सुरक्षाको पुनर्ताजगी (Refreshment) तालिम र विभिन्न वडामा अभ्यास समेत गरियो। उक्त कार्यक्रमको सभापतित्व संजाल अध्यक्ष हसना महर्जनले गर्नु भएको थियो भने प्रमुख अतिथि पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिका संयोजक एवं कीर्तिपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जन रहनु भएको थियो।

● विपद् व्यवस्थापन कोषबाट बाढी आउँदाको समयमा तत्काल जोखिम न्यूनीकरणको काम अगाडि बढाउन वडाहरूमा रकम निकासा समेत गरियो।

● २०७६ पुस ११ गते पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिको बैठक बस्यो र उक्त बैठकबाट नक्शा शाखा र पुनःनिर्माण सम्बन्धमा प्राविधिकहरूसँग मिति २०७६ पुस १३ गते बैठक बसियो।

● २०७६ पुस १४ गते पुनःनिर्माण जिल्ला कार्यान्वयन ईकाइ प्रमुख तथा जिल्ला समन्वय समिति प्रमुख, कीर्तिपुर नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्ष र सम्बन्धित प्राविधिकहरू विच छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

पुनःनिर्माणको हालको गतिलाई तिव्रता दिने विद्यमान समस्याहरू एक/एक गरि केलाउने कार्य भयो भने सोको कार्यान्वयन सम्बन्धमा निम्नानुसारको कार्य तालिका प्रकाशित गरियो।

● २०७६ पौष मसान्तसम्ममा पहिलो किस्ता लिईसक्नु पर्ने ।

● २०७७ असार मसान्तसम्ममा दोस्रो किस्ता लिइसक्नु पर्ने

● २०७७ पौष मसान्तसम्ममा तेस्रो किस्ता लिइसक्नु पर्ने

● २०७७ पौष मसान्तसम्ममा पुनःनिर्माण सम्पन्न गर्नु पर्नेछ।

---

## सुचं ! सुचं !! सुचं !!!

**किपू नगरपालिकाया ख्वाःपौ थुगु नगर सन्देश बुलेटिनयात कयाः छुं नं सरसल्लाह व प्रतिक्रिया बियादीत इनाप यानच्वना।**

स्वापूया निर्ति : **किपू नगरपालिका भवन ● फोन : ४३३११८९**

**ई-मेल :** nagarsandes@gmail.com

---

# INVITATION FOR BIDS

Government of Nepal (GoN)

## Kirtipur Municipality, Office of the Municipal Executive

### Invitation for Bids for the **Construction of Ward No-6 Office Building at Chovar**

Contract Identification No: KRM – 24/076/077
Date of publication: 2076/09/14

1. Kirtipur Municipality ***has allocated funds or received a grant*** from District Co-ordination Committee towards the cost of **Construction of Ward No-6 Office Building at Chovar** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for*** **Construction of Ward No-6 Office Building at Chovar**, KRM – 24/076/077. Bidding is open to all eligible as per Section V of bidding document.
2. Kirtipur Municipality invites electronic bids from eligible bidders for the construction of **Construction of Ward No-6 Office Building at Chovar** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 3,80,00,000/- (Three Core Eighty Lakh Only)
3. Minimum Work experience of similar size and nature: 2 projects, each with a value of at least NRs 2,00,00,000/- that have been successfully or are substantially completed and that are similar to the proposed works.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Municipal Executive, Kirtipur Municipality, Devdhoka, email:- ict.munkirtipur@gmail.com , ***Telephone:- 014332205*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidders need to download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp and submitting their bid electronically, should deposit the cost of bidding document NRS. 5,000/- in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: Krishi Bikas Bank, Kirtipur

   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive

   Office Account no.: 0211100047277011
6. Pre-bid meeting shall not be held.
7. Electronic bids must be submitted to the office Kirtipur Municipality, Office of the Municipal Executive, Devdhoka-02 through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00, on 2076/10/15. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2076/10/25 at the office of Kirtipur Municipality, Office of the Municipal Executive, Devdhoka-02. Bids must be valid for a period of 90 ***Days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Rs. 6,20,000/- (Six Lakh Twenty Thousand only), which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

नगर सन्देश कीर्तिपुर नगरपालिकाको बुलेटिन

ने.सं. ११४० पोहेलागा ३
वि.सं. २०७६ पुस २८ सोमवाः

# मेयर्स फोरमको तेश्रो बैठकबाट पारित

# कीर्तिपुर घोषणा-२०२०




काठमाडौं उपत्यका लगायत काभ्रे जिल्लाका नगरपालिकाका मेयरहरू सम्मिलित मेयर्स फोरमको तेश्रो बैठक पुस २० गते कीर्तिपुरमा सम्पन्न भयो। विशेषगरी स्थानीय सरकारले आफ्नो ठाउँमा भएको सम्पदाहरूलाई संरक्षण गर्ने उद्देश्य सहित विविध विषयमा एकआपसमा छलफल गरी स्थानीय विकास गर्ने उद्देश्यले २१ वटा नगर पालिकाका मेयरहरू सम्मिलित मेयर्स फोरम बनाइएको हो। प्रमुख अतिथि संघीय सरकारका शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले पानसमा बत्ती बालेर उद्घाटन गर्नुभएको बैठकमा छलफल पछि निम्न बुँदाहरूमा निर्णय गरि कीर्तिपुर-२०२० घोषणा जारी गरेको थियो।

१. हालका निर्माण नियमहरू व्यक्तिगत संरचनामा केन्द्रित भएकोले नयाँनिर्माण गरिएका(वा पुनःनिर्माण) मात्र गरिएकाले ऐतिहासिक बस्तुहरूलाई प्रभावकारी रूपमा नियमित गर्न सक्दैन भन्ने निर्ष्कष सहित शहरी विकासलाई नियमित गर्न र ऐतिहासिक तत्वहरूको संरक्षण गर्न राष्ट्रिय र नगरपालिका तहबीचको सहकार्यको लागि दुबै तहका उपधारामा मेलमिलापको आवश्यकता रहेको छ।

२. ऐतिहासिक बस्ती नेटवर्कको लागि पूर्णकालीन स्टाफ सहित बास्केट फण्ड उपलब्ध गराउने सहित यस फोरमलाई थप सक्रिय र प्रभावकारी बनाउन एक समन्वयकारी संयन्त्र विकासको आवश्यकता रहेको छ।

३. ऐतिहासिक घरहरू भत्काउन निरुत्साहित गर्ने, घरधनीको सहयोगमा संरचनाको ऐतिहासिक अंशलाई पुनःस्थापित गर्न प्रोत्साहित गर्ने खालको उपत्यका स्तरमा संरक्षण कानुनको तत्काल आवश्यकता रहेको छ।

४. हरेक नगरपालिकाले ऐतिहासिक बस्ती संरक्षण गर्न बृहत्तर गुरुयोजना बनाई कार्यान्वयन गर्ने छ।

५. प्रत्येक ऐतिहासिक बस्तीमा मन्दिर, पाटी, परम्परागत निजी घर भवनहरू र वरपरका परिदृश्य तत्वहरू सहित ऐतिहासिक तत्वहरूका सूची तयार पार्ने र यसको लागि स्थानीय र अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू र संस्थाहरू लगायत शैक्षिक संगठनहरूको सहकार्यमा निरन्तर अनुसन्धान सर्वेक्षणको आवश्यकता पर्दछ।

६. व्यक्तिगत घरपरिवारको सक्रिय सहभागितालाई प्रोत्साहित गर्न र प्रोत्साहन संयन्त्रमा तिनीहरूलाई जोड्नका लागि ऐतिहासिक बसोबासको संरक्षणका लागि डिजाइन मार्गनिर्देशनहरू (साइट विशिष्ट र लचिलो) को विकास गर्नु तत्काल आवश्यकता छ र त्यस्ता मार्गनिर्देशनहरूले केवल प्रचलित भवन नियमहरूको पुरक मात्र नभएर बस्ती र स्थानीय समुदायहरूमा सचेतना पनि बढाउनेछ।

७. माथि उल्लेखित गतिविधिहरूको सफल कार्यान्वयनले स्वदेशी र विदेशी पर्यटकहरूको प्रवाहलाई बढावा दिनेछ जसले नेपाल भ्रमण वर्ष २०२० सफल तुल्याउन सकारात्मक योगदान पुग्नेछ।

दुई वर्ष अघि पनौतिबाट शुरुभएको यस मेयर्स फोरमका गतिविधिहरु गत वर्ष ललितपुर महानगरपालिकाको आयोजनामा ललितपुरमा भएको थियो भने यस वर्ष कीर्तिपुर नगरपालिकाको आयोजनामा यस बैठक भएको हो र मेयर्स फोरमको आगामी बैठक शंखरापुर नगरपापलिकाको आयोजनामा शंखरापुरमा हुने भएको छ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित ● संयोजक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com